# उद्यम विकास अनुदान कार्यक्रम सञ्चालन प्रक्रियाः

१. **कार्यक्रमको उद्देश्यः** गाउँपालिका भित्र सञ्चालित घरेलु तथा साना उद्योग सञ्चालन गरिरहेका उद्यमीहरुलाई प्रोहोत्सान गर्नु ।

२. **लक्षित उद्यमीः** अनुसूची-१ बमोजिम गाउँपालिका भित्रका घरेलु तथा साना उद्योगहरु सञ्चालन गरिरहेका उद्यमीहरु ।

३. **उद्यमी छनौटका आधारहरुः**

| **क.सं** | **आधारहरु** | **अंकभार** | **कैफियत** |
|---|---|---|---|
| १ | गाउँपालिका वा सम्बन्धित निकायमा दर्ता | १० | |
| २ | गाउँपालिका वा सम्बन्धित निकायमा नियमानुसार तिर्नु पर्ने कर चुक्ताको अवस्था | १० | |
| ३ | उद्योग सञ्चालन अवधि | १० | कम्तिमा ५ वर्ष देखि सञ्चालित हुनु पर्ने, ५ वर्ष सम्म ५ अंक र सो भन्दा बढी प्रति वर्ष १ अंकका दरले अधिकतम १० अंक |
| ४ | स्थानीय स्रोत साधन र जनशक्तिको प्रयोग | १० | कम्तिमा ५ जनालाई रोजगारी दिएको हुनु पर्ने, ५ जना सम्म ५ अंक र सो भन्दा बढीलाई रोजगारी दिएकोमा प्रति व्यक्ति १ अंकका दरले बढीमा १० अंक |
| ५ | रोजगारी प्रदानको अवधि | १० | न्यूनतम १ वर्ष रोजगारी प्रदान गरेको हुनु पर्ने, १ वर्ष सम्मको लागि ५ अंक र सो भन्दा बढी प्रति वर्ष १ अंकका दरले अधिकतम १० अंक |
| | **जम्मा** | **५०** | |

४. **कार्यान्वयन गर्ने जिम्मेवारीः** यो कार्यक्रम कार्यान्वयन गर्ने जिम्मा लघु उद्यम विकास शाखाको हुनेछ।

५. **छनौट तथा सहजिकरण समितिः**

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) संयोजक, आर्थिक विकास समिति | सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ङ) प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य |
| (च) प्रमुख, लघु उद्यम विकास शाखा | सदस्य- सचिव |

## उद्यम विकास अनुदान कार्यक्रम सञ्चालन प्रक्रियाः

६. **कार्यान्वन प्रक्रियाः** गाउँ कार्यपालिकाको कार्यालयले १५ दिने सूचना प्रकाशन गरी दफा\बुँदा नं ३ बमोजिमको मापदण्ड पूरा गरेका उद्यमी\व्यवसायीहरुबाट निवेदन माग गर्नेछ र छनौट तथा सहजिकरण समितिले तोकिए बमोजिमको मापदण्डका आधारमा उद्यमीहरु छनौट गरी प्रस्तावनकाका आधारमा अनुदान उपलब्ध गराउनेछ ।

७. **आवश्यक कागजातहरुः** व्यवसाय दर्ता प्रमाण पत्र, प्यान\भ्याटमा दर्ता भएको प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, सञ्चालकको नागरिकताको प्रतिलिपि, उद्योग सञ्चालित जग्गाको लालपूर्जाको प्रतिलिपि, दफा ३ बमोजिमको मापदण्ड पूरा गरेको स्व-घोषणा पत्र, कामदारहरुको विवरण र निजहरुको नागरिकताको प्रतिलिपि, सम्बन्धित वडाको सिफारिस ।

८. **कम्तिमा १ वर्ष उद्योग बन्द गर्न नपाइनेः** यस अनुदान प्राप्त गर्ने उद्यमीहरुले प्राकृतिक विपत्ति वा काबु बाहिरको परिस्थितिमा बाहेक कम्तिमा पनि १ वर्ष उद्योग बन्द गर्न पाउने छैनन ।

९. **अनुगमनः** उद्यमी छनौट गर्नु पूर्व सम्बन्धित उद्योगहरुको स्थलगत अनुगमन गर्ने जिम्मा गाउँपालिका वा सम्बन्धित वडा स्तरीय अनुगमन समिति वा सो समितिले जिम्मा दिएको गाउँपालिकाको अधिकृत स्तरको कर्मचारीको हुनेछ ।

१०. **प्रतिवेदनः** यस कार्यक्रम अन्तरगत अनुदान प्राप्त गर्ने उद्यमीहरु र वितरण गरिएको अनुदानको विवरण सहितको एकीकृत प्रतिवेदन छनौट तथा सहजिकरण समितिले गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ।

## उद्यम विकास अनुदान कार्यक्रम सञ्चालन प्रक्रियाः

अनुसूची-१

यस कार्यक्रम अन्तरगत समेटिने लक्षित उद्यमी\व्यावसायिहरुको प्रकारः

१. फर्निचर उद्योग,

२. बेकरी,

३. ग्रिल,

४. कृषि\पशु फर्म,

५.